

# रूपातालमा पाइने जलपक्षीहरु

## संक्षिप्त मार्गदर्शक


LI-BIRD

WETLAND 2006
FRIENDS OF NEPAL

Ecosystems Grants Programme
EGP
THE NETHERLANDS



# रुपातालमा पाइने जलपक्षीहरु

## (सङ्क्षिप्त मार्गदर्शक)

गान्धिब काफ्ले
विमलराज रेग्मी

| | | |
|---|---|---|
| **उद्धरण** | : | गान्धिब काफ्ले, विमलराज रेग्मी, २००८, रूपातालमा पाइने जलपक्षीहरू (सङ्क्षिप्त मार्गदर्शक), ली-बर्ड, वेटल्याण्ड फ्रेण्डस् अफ नेपाल, पोखरा |
| **प्रकाशन एवं प्रकाशन अधिकार** | : | जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), वेटल्याण्ड फ्रेन्डस् अफ नेपाल |
| **लेखन** | : | गान्धिब काफ्ले, विमलराज रेग्मी |
| **भाषासम्पादन** | : | शोभाकान्त गौतम |
| **छापिएको प्रति** | : | ५०० |
| **संस्करण** | : | प्रथम, २०६५<br>दोस्रो, २०७३ |
| **कम्प्युटर टाइपसेटिङ्ग** | : | गान्धिब काफ्ले, रचना थापा |

Swiss Re Foundation

यो पुस्तिकाको दोस्रो संस्करण स्वीस रिर्सोस फाउन्डेसनको सहायतामा प्रकाशन गरिएको हो ।



# सम्मति

समुदायमा आधारित सिमसार परियोजनाअन्तर्गत तयार पारिएको पुस्तिकाको सरसर्ती अध्ययन गरें । रूपातालमा पाइने जलपक्षीहरूको रङ्गीन चित्रसहित वर्णन गरिएकाले यो पुस्तिका स्थानीय समुदायका लागि अति नै उपयोगी हुने देखेको छु । यस पुस्तिकाको प्रयोगबाट स्थानीय समुदाय एवं आगन्तुकहरूले पक्षी-संरक्षणमा रूपातालको भूमिकाबारेमा राम्रो ज्ञान हासिल गर्ने छन् । यसका साथै पक्षी अवलोकन र पहिचानका लागि विद्यार्थी, अनुसन्धानकर्ता, पर्यटक मार्गदर्शक, सामुदायिकउत्प्रेरकका साथै शिक्षकवर्गका लागि यस पुस्तिकाले धेरै नै मद्दत पुऱ्याउने आशा राखेको छु । यसले आन्तरिक पर्यापर्यटनको प्रवर्धनमा पनि सहयोग गर्नेछ । अन्त्यमा यस पुस्तिकालाई नेपालीमा तयार गर्नुहुने यसका लेखक गान्धिव काफ्ले र विमलराज रेग्मीलाई हार्दिक साधुवाद-ज्ञापन गर्दै आगामी दिनमा पनि यस्तै उपयोगी कृतिहरूको लेखनकार्यले निरन्तरता पाइरहोस् भन्ने शुभकामनासमेत व्यक्त गर्दछु ।

डा. प्रताप कुमार श्रेष्ठ
कार्यकारी निर्देशक
ली-बर्ड, पोखरा



# यस पुस्तिकाको बारेमा

गण्डकी अञ्चलको कास्की जिल्लामा अवस्थित रूपाताल पोखरा उपत्यकामा रहेका ९ वटा तालहरूमध्ये तेस्रो ठूलो ताल हो। ११५ हेक्टरमा फैलिएको यस तालमा पोखराका अन्य तालहरूका तुलनामा धेरै प्रजातिका माछा, उभयचर, स्तनधारी जन्तु, चराहरू र वनस्पतिहरू पाइएका छन्। रूपातालमा हालसम्म ३६ प्रजातिका जलपक्षीहरू पाइएका छन्। यस सङ्क्षिप्त मार्गदर्शकमा रूपाताल क्षेत्रमा पाइने प्रमुख जलपक्षीहरूको रङ्गीन चित्रसहितको विवरण दिइएको छ। रूपाताल क्षेत्रमा पाइने प्रमुख जलपक्षीहरूलाई चिनाउन सहयोग पुऱ्याउने उद्देश्यले यसको प्रकाशन गरिएको हो। यस पुस्तिकाले स्थानीय बासिन्दा, विद्यार्थी, अनुसन्धानकर्ता, शिक्षक, आन्तरिक पर्यटक, सामुदायिक उत्प्रेरक र वातावरणसम्बन्धी विषयमा चासो राख्ने जोकोहीलाई पनि रूपाताल क्षेत्रको जैविक विविधताका बारेमा प्रारम्भिक ज्ञान दिनेछ भन्ने हामीले आशा राखेका छौं। रूपाताल क्षेत्रमा पाइने जैविक विविधतालाई यस संस्करणमा समावेश गर्न सम्भव नभएकाले पछिल्ला संस्करणहरूमा क्रमशः थपिँदै लाने प्रयास गरिनेछ।

यस पुस्तिकामा समावेश गरिएका प्रत्येक प्रजातिको रङ्गीन चित्र राखिएको छ। प्रत्येक प्रजातिको नेपाली नाम, अङ्ग्रेजी नाम, वैज्ञानिक नाम, फैलावट र वासस्थान, तथा विशेषताको विवरण दिइएको छ। यी विवरणले यस पुस्तिकामा समावेश गरिएका प्रजातिहरूलाई चिन्न सहयोग पुऱ्याउनेछन् भन्ने हामीले आशा राखेका छौं।

अन्त्यमा, यस सङ्क्षिप्त मार्गदर्शकमा भएका कमीकमजोरी हटाउन र सुधारका लागि सुझाउहरूको अपेक्षा गर्दछौं। धन्यवाद



# आभार

**प्रस्तुत पुस्तिकाको विकासमा देहायका महानुभाव तथा संस्थाहरूको विशेष योगदान रहेको छ :**

- मारकस कटन, टाइगर माउण्टेन पोखरा लज
- हेमसागर बराल, वर्ड कन्जर्भेसन नेपाल
- झलकराज चौधरी, टाइगर माउण्टेन पोखरा लज
- हरिभक्त अधिकारी, टाइगर माउण्टेन पोखरा लज
- हरि भण्डारी, टाइगर माउण्टेन पोखरा लज
- हरिकुमार लौडारी, टाइगर माउण्टेन पोखरा लज
- हरि परियार, टाइगर माउण्टेन पोखरा लज
- केशव बराल, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- सागर पौडेल, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- सरस्वती अर्याल, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- शकुन्तला शर्मा, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- अम्बर अधिकारी, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- रबिन कडरिया, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- राजकुमार कोइराला, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- उमेश चौधरी , वेटल्याण्ड फ्रेन्डस् अफ नेपाल
- सोम बोहोरा, वेटल्याण्ड फ्रेन्डस् अफ नेपाल
- लक्ष्मण थापा, लक्स आर्टस, काठमाडौं
- अशोकराम, वर्ड कन्जर्भेसन नेपाल, पोखरा शाखा
- हरि अधिकारी, वेटल्याण्ड फ्रेन्डस् अफ नेपाल
- सुधार ढुङ्गाना, वनविज्ञान अध्ययन संस्थान, पोखरा
- भोलाराम सुवेदी, विद्यार्थी

- लक्ष्मण पौडेल, वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभाग
- ली-बर्ड कर्मचारीबन्धुहरू

- टाइगर माउण्टेन पोखरा लज
- वेटल्याण्ड फ्रेन्डस् अफ नेपाल
- बर्ड कन्जरभेसन नेपाल, पोखरा शाखा
- वन विज्ञान अध्ययन संस्थान, पोखरा
- उन्नतिशील महिला समूह, रूपाकोट, कास्की
- रूपाताल पुनर्स्थापना तथा मत्स्य सहकारी संस्था, रूपाताल, कास्की
- आई.यू.सी.एन. नेदरल्याण्डस् इकोसिस्टम ग्रान्टस् प्रोग्राम



# विषयसूची


सम्मति — ग

यस पुस्तिकाको बारेमा — घ

आभार — ङ






**रूपातालको सङ्क्षिप्त चिनारी**

परिचय — १

जीवजन्तु र वनस्पति — २

स्थानीय समुदाय — २

संरक्षण — ३

**रूपातालमा पाइने जलपक्षीहरू** — ७

सन्दर्भसामग्री — ४४

प्रजाति सूचि — ४५






# रूपाताल क्षेत्रको सङ्क्षिप्त चिनारी





**स्थिति** समुदायद्वारा संरक्षणमा सहयोग पुऱ्याइएको क्षेत्र ।

**अवस्थिति** गण्डकी अञ्चल, कास्की जिल्ला, नेपाल (२८°८' उ. अक्षांश, ८४°६' पू. देशान्तर) ।

**उचाइ** समुद्री सतहबाट ६०० मिटर ।




## १. परिचय (INTRODUCTION)

गण्डकी अञ्चलको कास्की जिल्लामा अवस्थित रूपाताल पोखरा उपत्यकामा रहेका नौ वटा तालहरूमध्ये तेस्रो ठूलो ताल हो । ११५ हेक्टरमा फैलिएको यस तालको गहिराइ औसतमा ३ मिटर रहेको छ । उत्तर-दक्षिणमा फैलिएको यस तालको पानीको स्रोत मुख्यतया तालबेँसी खोलो र दोभान खोलो रहेका छन् । तालको पानी सिस्तनी घाटको

तालखोलो हुँदै बगेर जान्छ। यस तालको जलभण्डारक्षमता बढीमा $३२.५ \times १०^{५}$ घनमिटर रहेको छ। यस क्षेत्रको औसत वार्षिक तापक्रम र वर्षा क्रमश: २०.९ डिग्री सेल्सियस र ३९७९ मिलीमिटर रहेको छ। यस तालको मुहान र तलको क्षेत्रमा धानखेत र तैरने वनस्पतिसहितको दलदले/धापिलो जमिन रहेको छ। ३० वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस तालको जलाधार क्षेत्रमा घरबगैचा, पाखो बारी र मुख्यतया चिलाउने र कटुसको जङ्गल रहेको छ।

## २. जीवजन्तु र वनस्पति (FAUNA AND FLORA)

पोखरा उपत्यकामा रहेका अन्य तालहरूका तुलनामा रूपाताल क्षेत्रमा धेरै प्रजातिका माछा, उभयचर, स्तनधारी जन्तु र चराहरू पाइएका छन्। प्रारम्भिक अध्ययनमा यो ताल र जलाधार क्षेत्रमा करिब ४५० प्रजातिका जीवजन्तु र वनस्पतिहरू पाइएका छन्। यस तालमा २४ प्रजातिका माछा, ३० प्रजातिका चरा, १ प्रजातिको उभयचर, ३ प्रजातिका सरिसृप र ११ प्रजातिका स्तनधारी जन्तुहरू पाइएका छन्। थप अध्ययन भएमा यस तालक्षेत्रमा थप प्रजातिका जीवजन्तुहरू पाइने सम्भावना छ। यहाँ विभिन्न किसिमका जलीय वनस्पतिहरू सेतो कमल (White Lotus), सिमल काँडे (Water Chestnut), Gorgon Nut, Water Lily, Water Hyacinth, Azolla sp., Lemna sp. का साथै यो क्षेत्र जङ्गली धानको महत्त्वपूर्ण आनुवांशिक (Genetic) स्रोत पनि हो।

## ३. स्थानीय समुदाय (LOCAL COMMUNITIES)

रूपाताल क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ, नेवारलगायत कामी, दमाई, सार्की, मिजार, बोटे, माझी, जलारी र पोडे जातका मानिसहरू बसोबास





गर्दछन् । यस क्षेत्रमा ७० परिवारहरू जलारी जातका छन् । यिनीहरूसँग खेतीपातीका लागि कुनै जग्गा छैन र आफ्नो जीविकोपार्जनका लागि पूर्णतया सिमसार सम्पदामा आश्रित छन् । यस क्षेत्रमा यातायात, खाने पानी र सिँचाइको पहुँच राम्रो भएकोले बसाइँ सरी आउने मानिसको सङ्ख्या दिनप्रतिदिन बढ्दो क्रममा छ । यस क्षेत्रमा पुरूषको भन्दा महिलाको सङ्ख्या कम छ । औसतमा प्रतिपरिवार ७ जना रहेका छन् । यस क्षेत्रका ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा आश्रित छन् । धेरै घरपरिवारहरू माछापालन व्यवसायबाट आयआर्जन पनि गर्दछन् । रूपाताल क्षेत्रबाट लगभग ३६० घरपरिवार प्रत्यक्ष रूपमा र १,००० भन्दा बढी घरपरिवार अप्रत्यक्ष रूपमा लाभान्वित छन् । रूपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्थामार्फत स्थानीय समुदायले माछापालनबाट लाभ लिइरहेका छन् ।

## ४. संरक्षण (CONSERVATION)

**रूपाताल क्षेत्रको महत्त्व र अवसरहरू, विद्यमान चुनौतीहरू र संरक्षणका प्रयासहरू यसप्रकार रहेका छन् :**

### ४.१ महत्त्व र अवसरहरू (IMPORTANCE AND OPPORTUNITIES)

- यो ताल पोखरा उपत्यकाको तेस्रो ठूलो प्राकृतिक ताल हो । प्रचुर जैविक विविधता र विविध पारिस्थितिकीय प्रणालीका कारणले यो क्षेत्र प्राकृतिक रूपमै महत्त्वपूर्ण रहेको छ ।
- यो ताल र जलाधार क्षेत्रमा करिब ४५० प्रजातिका जीवजन्तु र वनस्पतिहरू पाइएका छन् । ३० भन्दा बढी प्रजातिका जलपक्षीहरू पाइने यो क्षेत्र पर्यापर्यटन (Eco-tourism) का





लागि उपयुक्त हुन सक्दछ। यस क्षेत्रले जाडो मौसममा उल्लेखनीय सङ्ख्यामा घुमन्ते/फिरन्ते जलपक्षीहरूलाई समेत आश्रय दिन्छ। यस तालको जलाधार क्षेत्रमा अध्ययन गरे थप अरू प्रजातिका चराहरू पाइनेछन्।

- स्थानीय सिमसार सूचना केन्द्र र स्थानीय तवरबाट माछापालन प्रदर्शनीका लागि यो क्षेत्र उत्कृष्ट स्थान बनेको छ। पृथ्वी राजमार्गको समीपमा अवस्थित यस क्षेत्रले पर्यापर्यटन (Eco-tourism) को विकासका लागि अवसरहरू प्रदान गर्न सक्दछ जसबाट स्थानीय समुदायले आयआर्जनको अवसर प्राप्त गर्न सक्दछन्। तालको वरिपरि निर्माणधीन हरित मार्ग पर्यटकका लागि मुख्य आकर्षण बन्नेछ जसबाट उनीहरूले कम समयमा नै पूरै सिमसार क्षेत्रको अवलोकन गर्न सक्नेछन्।
- स्थानीय समुदायबाट व्यवस्थापन गरिएको यस क्षेत्रको संरक्षण कार्यनीति अन्य सिमसार क्षेत्रका समुदायका लागि महत्त्वपूर्ण सिकाइ हुन सक्दछ।

## ४.२ **चुनौतीहरू** (THREATS)

प्राकृतिक सम्पदा र संस्कृतिको धनी भएर पनि यस क्षेत्रमा धेरै वातावरणीय समस्याहरू विद्यमान छन्। दिनप्रतिदिन बढ्दो मानिस र घरपालुवा जनावरहरूको सङ्ख्या, बढ्दो बसाइँसराइ (आगमन), सुविधा र सजिलो पहुँचले गर्दा यी समस्याहरू झन् जटिल बनेका छन्।





**रूपाताल क्षेत्रको वातावरणमा नकारात्मक प्रभाव पार्ने तत्त्वहरू यसप्रकार छन् :**

- तालक्षेत्रको सीमाङ्कन (Demarcation) नगरिनु;
- वन र सिमसार सम्पदामा स्थानीय समुदाय धेरै नै निर्भर रहनु;
- कृषिविस्तारका लागि तालको किनार र वनक्षेत्रमा मानवीय अतिक्रमण (Encroachment) बढ्नु;
- ताल र वन क्षेत्रमा मिचाहा (Invasive) प्रजातिका वनस्पतिको वृद्धि हुनु;
- तालको उद्गम क्षेत्रमा भू-क्षय (Soil Erosion) तथा थेग्रिने प्रक्रिया (Sedimentation) बढ्नु;
- कृषि क्षेत्रमा विषादी (Pesticide) र रासायनिक मल (Chemical Fertilizer) को बढ्दो प्रयोग गरिनु;
- सिमसार क्षेत्रमा माछा मार्नका लागि लुकिछिपी विषादीको प्रयोग गरिनु;
- जलप्रदूषण र जैविक विविधतासम्बन्धी वैज्ञानिक अध्ययन (Scientific Study) नगरिनु;
- स्थानीय माछाका प्रजातिहरू कम हुँदै जानु ।

अहिले नै दिगो किसिमका संरक्षणका कदमहरू नचाल्ने हो भने यस क्षेत्रमा क्रमशः संरक्षण-सङ्कट आउन सक्ने देखिन्छ । ताल क्षेत्रको जैविक विविधतालाई सुरक्षित राख्दै स्थानीय समुदायलाई पनि फाइदा पुऱ्याउने सहभागिता-मूलक संरक्षण र विकासका कार्यक्रमहरू यस क्षेत्रमा आवश्यक देखिन्छन् ।

### ४.३ प्रयासहरू (EFFORTS)

यस क्षेत्रको प्रमुख व्यवस्थापन निकाय वन विभाग हो जसअन्तर्गतको जिल्ला वन कार्यालय, कास्कीले यस क्षेत्रको संरक्षण गर्दै आएको छ । सामुदायिक वन, रूपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्था र स्थानीय संस्थागत विकासका कार्यक्रमहरू जस्तै : संरक्षण समिति, थानीय समूह र महिला समूहहरूमार्फत स्थानीय समुदाय र सामुदायिक संस्थाहरू संरक्षणका क्रियाकलापहरूमा संलग्न हुँदै आएका छन् । जैविक विविधता, अनुसन्धान र विकासका लागि स्थानीय पहल (ली-बर्ड) ले सरकारी निकायसँग समन्वय गरी IUCN Netherlands को Ecosystem Grants Programme को आर्थिक सहयोगमा सिमसार सम्पदाको वुद्धिमत्तापूर्ण उपयोग र दिगो व्यवस्थापनमा सहयोग गर्दै आएको छ ।



# रूपातालमा पाइने जलपक्षीहरू

## आसकोटे बकुल्लो (Indian Pond Heron)

| | |
|---|---|
| **अङ्ग्रेजी नाम** | इण्डियन पन्ड हेरोन (Indian Pond Heron) |
| **वैज्ञानिक नाम** | आर्डिवला ग्रेई *(Ardeola grayii)* |
| **फैलावट र वासस्थान** | मुख्यतया १,५२५ मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल । |
| **विशेषता** | ४३ से.मि. लामो, टाउको र घाँटी पहेंलो-पहेंलो मैलो रङ्का, सेता पखेटाहरू ढाड र पिठ्यूँमा देखिने गाढा रङ्सँग प्रस्ट भिन्नदेखिने, खुट्टाहरू पहेंला । |

## कैलोटाउके हाँस (Common Pochard)

| | |
|---|---|
| **अङ्ग्रेजी नाम** | कमन पोचार्ड (Common Pochard) |
| **वैज्ञानिक नाम** | एथ्या फेरिना *(Aythya ferina)* |
| **फैलावट र वासस्थान** | तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी । |
| **विशेषता** | ४५ से.मि. लामो, उडान पङ्खहरू फिक्काफुस्रा, फुस्रा अग्रपङ्खले गर्दा यसका माथिल्लो पखेटाको बनावट अरू उपजातिभन्दा भिन्न देखिने, भालेको टाउको र घाँटी रातो-खैरो (कटुस रङ्को), छाती कालो, ठुँडाका बीचमा फुस्रो पेटी । |



आसकोटे बकुल्लो



कैलोटाउके हाँस





## कुर्मा (Purple Swamphen)

**अङ्ग्रेजी नाम** पर्पल स्वाम्फेन (Purple Swamphen)

**वैज्ञानिक नाम** पर्फाइरिओ पोर्फाइरिओ *(Porphyrio porphyrio)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, नारमा वनस्पति भएका ताल, पोखरी र दलदल ।

**विशेषता** ४३ से.मि. लामो, वयस्कको शरीर बैजनी-बैजनी नीलो रङको, ठुँड मोटो तर छोटो रातो, निधार रातो, तल्लो पुच्छरढकनी सेतो, बच्चाको शरीर फुस्रो खैरो, ठुँड फिक्का, खुट्टा र औंलाहरू राता र लामा ।

## खडखडे हाँस (Gadwall)

**अङ्ग्रेजी नाम** गड्वाल (Gadwall)

**वैज्ञानिक नाम** एनास स्ट्रेपेरा *(Anas strepera)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, खुल्ला ताल, दलदल, पोखरी र नदी ।

**विशेषता** ५० से.मि. लामो, सहायक पँखेटाका भित्री भागमा सेतो टाटो, भालेको टाउको र घाँटी फुस्रो खैरो, शरीर गाढा खैरो, पेट सेतो, छाती फिका कालो, ठुँड फिका कालो, तल्लो र माथिल्लो पुच्छरढकनी कालो, पोथी हरियो टाउके (Mallard) को पोथीसँग मिल्दो-जुल्दो, तर गाढा फुस्रो-खैरो रङको ठुँडको छेउमा सुन्तला रङ देखिने ।



कुर्मा



खडखडे हाँस

## खोले टिकटिके (White-browed Wagtail)

| | |
|---|---|
| **अङ्ग्रेजी नाम** | ह्वाइट-ब्रोड वागटेल (White-browed Wagtail) |
| **वैज्ञानिक नाम** | मोटासिला म्याडरएस्पाटेन्सिस *(Motacilla aderaspatensis)* |
| **फैलावट र वासस्थान** | मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल, खोला र नदीको बगर । |
| **विशेषता** | २१ से.मि. लामो, आँखीभौं सेता, वयस्कको टाउको र पिठ्यूँ कालो, बच्चाको टाउको, पिठ्यूँ र छाती फुस्रो खैरो-खैरो । |

## छोटाखुट्टे बकुल्लो (Little Heron)

| | |
|---|---|
| **अङ्ग्रेजी नाम** | लिटल हेरोन (Little Heron) |
| **वैज्ञानिक नाम** | बुटोराइड्स स्ट्राएटस् *(Butorides striatus)* |
| **फैलावट र वासस्थान** | ९१५ मिटरसम्मको उचाइमा अवस्थित, घना झाडी भएका सिमसार क्षेत्र । |
| **विशेषता** | ४४ से.मि.लामो, सानो नापको, गठिला र छोटा खुट्टाहरू भएको, वयस्कको कालो तालु र लामो कल्की, गाढा हरियो-हरियो माथिल्लो भाग र फुस्रो-फुस्रो तल्लो भाग, बच्चाको माथिल्लो भागमा मैला ठाडा धर्काहरू र तल्लो भागमा गाढा ठाडा धर्काहरू हुने । |







खोले टिकटिके



छोटाखुट्टे बकुल्लो





## छिरबिरे माटीकोरे (Pied Kingfisher)

**अङ्ग्रेजी नाम** पाइड किङ्फिसर (Pied Kingfisher)

**वैज्ञानिक नाम** सेराइल रुडिस *(Ceryle rudis)*

**फैलावट र वासस्थान** ९१५ मिटरसम्मको उचाइमा अवस्थित, बिस्तारै बग्ने खोला, खोल्सा र खुल्ला ठाउँका तालतलैया ।

**विशेषता** ३१ से.मि. लामो, आँखीभौं सेतो, पखेटामा सेता टाटा र छातीको वारपार कालो पेटी हुने ।

## जलअप्सरा (Pheasant-tailed Jacana)

**अङ्ग्रेजी नाम** फिजेन्ट-टेल्ड ज्याकना (Pheasant-tailed Jacana)

**वैज्ञानिक नाम** हाइड्रोफ्याजियानस चिरुर्गस *(Hydrophasianus chirurgus)*

**फैलावट र वासस्थान** मुख्यतया १,५२५ मिटरसम्मको उचाइमा अवस्थित, तैरने वनस्पति भएका दलदल, पोखरी र ताल ।

**विशेषता** ५५ से.मि. लामो, पँखेटा माथि र तल प्रस्ट सेतो, घाँटीको छेउमा पहेंला-पहेंला टाटा, बच्चा कोरल्ने समयमा वयस्कको तल्लो भाग खैरो र पुच्छर, बच्चाहरू र बच्चा कोरल्ने समयबाहेक अन्य समयमा वयस्कको तल्लो भाग सेतो, घाँटीको छेउबाट गाढा रङको तल झरेको धर्सो र छातीपट्टि पनि गाढा रङ ।



छिरबिरे माटीकोर



जलअप्सरा





## जलेवा (Great Cormorant)

**अङ्ग्रेजी नाम** ग्रेट कर्मोरेन्ट (Great Cormorant)

**वैज्ञानिक नाम** फ्यालाक्रोकोरेक्स कार्बो *(Phalacrocorax carbo)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया १,००० मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी र ठूला नदीहरू ।

**विशेषता** ९० से.मि. लामो, मोटो घाँटी र मजबुत ठुँड भएको, शरीर कालो-कालो खैरो रङको, गाला र घाँटी सेतो ।

## ठूलो सेतोबकुल्लो (Great Egret)

**अङ्ग्रेजी नाम** ग्रेट इग्रेट (Great Egret)

**वैज्ञानिक नाम** कास्मेरोडिअस अल्बस् *(Casmerodius albus)*

**फैलावट र वासस्थान** मुख्यतया: ३०० मिटरसम्मको उचाइमा अवस्थित, नदी, ताल, कमल भएको पोखरी, दलदल र धानखेत ।

**विशेषता** ९४ से.मि.लामो, ठूलो नापको, घाँटी धेरै लामो तथा ठुँड ठूलो, मुखको कापाको कालो रेखा आँखा पछाडिसम्म गएको, बच्चा कोरल्ने प्वाँखावस्थामा ठुँड कालो र खुट्टाको माथिल्लो भाग रातो-रातो तर तल्लो भाग र औंलाहरू कालो, बच्चा कोरल्ने समय बाहिरको प्वाँखावस्थामा ठुँड पहेंलो र अग्राक्ष फिक्का हरियो ।



जलेवा



ठूलो सेतोबकुल्लो





## डुबुल्कीचरो (Little Grebe)

**अङ्ग्रेजी नाम** लिटल ग्रिब (Little Grebe)

वैज्ञानिक नाम ट्याचिब्याप्टस रुफिकोल्लिस *(Tachybaptus ruficollis)*

**फैलावट र वासस्थान** मुख्यतया १,३७० मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** २७ से.मि. लामो, बच्चा कोरल्ने समयको प्वाँखावस्थामा घाँटीको छेउ र गालाहरू गाढा कैलो, ठुँडको फेदमा पहेंलो टाटो, बच्चा कोरल्ने समयबाहिरको प्वाँखावस्थामा गाला र कोखा खैरा-खैरा मैला ।

## नीलाम्बर जलखञ्जरी (Plumbeous Water Redstart)

**अङ्ग्रेजी नाम** प्लम्बियस वाटर रेडस्टार्ट (Plumbeous Water Redstart)

**वैज्ञानिक नाम** ह्रियाकर्निस फुलिजिनस *(Rhyacornis fuliginosus)*

**फैलावट र वासस्थान** मुख्यतया ३,७५० मिटरसम्मको उचाइमा अवस्थित, खोला तथा नदीहरू ।

**विशेषता** १२ से.मि. लामो, भाले खरीपाटी नीलो र कैलो कटुस रङको पुच्छर भएको, पोथी र पहिलो हिउँदे भालेको कालो र सेतो पुच्छर तथा तल्लो फुस्रो भागमा सेता थोप्लाहरू हुन सक्ने ।



डुबुल्कीचरो



नीलाम्बर जलखञ्जरी

## फुस्रो टिकटिके (Grey Wagtail)

**अङ्ग्रेजी नाम** ग्रे वागटेल (Grey Wagtail)

**वैज्ञानिक नाम** मोटासिला सिनेरिया *(Motacilla cinerea)*

**फैलावट र वासस्थान** मुख्यतया ३,५५० मिटरसम्मको उचाइमा अवस्थित, ढुङ्गे खोला तथा नदीहरू ।

**विशेषता** १९ से.मि. लामो, अरू टिकटिकेहरूको भन्दा लामो पुच्छर भएको, तल्लो पुच्छरढकनी पहेंलो, बच्चा कोरल्ने समयको भालेको कण्ठ कालो हुने ।

## फुस्रो बकुल्लो (Grey Heron)

**अङ्ग्रेजी नाम** ग्रे हेरोन (Grey Heron)

**वैज्ञानिक नाम** आर्डिया सिनेरिआ *(Ardea cinerea)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, नदी, ताल, कमल भएको पोखरी, दलदल र धानखेत ।

**विशेषता** ९४ से.मि. लामो, वयस्कको ठुँड पहेंलो, टाउको र घाँटी सेतो-सेतो, टाउकामा काला शृङ्गारप्वाँखहरू र पेटमा काला टाटाहरू भएको, अल्पवयस्कको निधार र तालु कालो र कल्की परिवर्तनशील, घाँटी अलि फुस्रो र पेटमा कालो कम भएको वा हुँदै नभएको ।



फुस्रो टिकटिके



फुस्रो बकुल्लो





## बगाले सिमकुखुरो (Common Moorhen)

**अङ्ग्रेजी नाम** कमन मुर्हेन (Common Moorhen)

**वैज्ञानिक नाम** ग्यालिनुला क्लोरोपस *(Gallinula chloropus)*

**फैलावट र वासस्थान** २५० मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल ।

**विशेषता** ३२.५ से.मि. लामो, तल्लो पुच्छर ढकनी सेतो, कोखामाथिबाट सेता धर्काहरू गएका, वयस्कको खुट्टाहरू लामा र हरिया जसमा प्रस्ट लामा औंलाहरू रहेका, ठुँड पहेंलो टुप्पो भएको रातो, निधार पनि रातो, तिघ्राको माथिल्लो भाग रातो, पुच्छरढकनीको दुवैतर्फ सेतो, बच्चा फिक्का हरियो ठुँड भएको खैरो रङ्को ।

## बिजुलागैरी (Common Teal)

**अङ्ग्रेजी नाम** कमन टिल (Common Teal)

**वैज्ञानिक नाम** एनास क्रेक्का *(Anas crecca)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** ३७ से.मि. लामो, ठुँड र खुट्टा कालो, भालेको टाउको कटुस रङ्का साथै आँखापछाडि हरियो पेटी, काँधका प्वाँखहरूमा सेता धर्सा र तल्लो पुच्छर ढकनीमा फिक्का पहेंलो धब्बा, पोथीको तालु गाढा खैरो, आँखाबाट फिक्का कालो धर्सो गएको र अग्रपङ्ख खैरो ।



बगाले सिमकुखुरो



बिजुलागैरी





## बेल्चाठुँडे हाँस (Northern Shoveler)

**अङ्ग्रेजी नाम** नर्दन सोभेलर (Northern Shoveler)

**वैज्ञानिक नाम** एनास क्लाइपिएटा *(Anas clypeata)*

**फैलावट र वासस्थान** १,३५० मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी र नदी ।

**विशेषता** ५० से.मि. लामो, ठुँड लामो दाबिलोजस्तै, भालेको टाउको गाढा हरियो, छाती सेतो, कोखा कटुस रङको, अग्रपङ्ख नीला, पोथीकोप्वाँखावस्थामा हरियोटाउके पोथीजस्तो तर अग्रपङ्ख नीलोफुस्रो ।

## बेसारे टिकटिके (Citrine Wagtail)

**अङ्ग्रेजी नाम** ह्वाइट-ब्रोड वागटेल (Citrine Wagtail)

**वैज्ञानिक नाम** मोटासिला सिट्रिवला *(Motacilla citreola)*

**फैलावट र वासस्थान** मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल, खोला र नदीको बगर ।

**विशेषता** १९ से.मि. लामो, टाउको र तल्लो भाग पहेंलो र कालो तथा फुस्रो पिठ्यूँ, कानढकनीको वरिपरि सेतो, आँखीभौंको किनारा गाढा रङको, फिक्का खैरो निधार, फिक्का अग्राक्ष, सम्पूर्ण गाढा ठुँड र तल्लो पुच्छरढकनी सेतो ।







बेल्चाठुँडे हाँस



बेसारे टिकटिके



## मझौला सेतो बकुल्लो (Intermediate Egret)

**अङ्ग्रेजी नाम** इन्टरमेडियट इग्रेट (Intermediate Egret)

**वैज्ञानिक नाम** मेसोफोइक्स् इन्टरमेडिया *(Mesophoyx intermedia)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, नदी, ताल, कमल भएको पोखरी, दलदल, धानखेत र घाँसे मैदान ।

**विशेषता** ६८.५ से.मि. लामो, ठूलो सेतोबकुल्लाभन्दा सानो तथा ठुँड र घाँटी छोटो, मुखको कापाको कालो रेखा आँखा पछाडिसम्म नगएका, बच्चा कोरल्ने समयको प्वाँखावस्थामा ठुँड कालो, छाती र पिठ्यूँका शृङ्गार प्वाँखहरू स्पष्ट देखिने, बच्चा कोरल्ने समयबाहिरको प्वाँखावस्थामा अग्राक्ष पहेंलो, ठुँड कालो टुप्पो भएको पहेंलो, खुट्टा र औंलाहरू काला ।

## मरूल (Common Coot)

**अङ्ग्रेजी नाम** कमन कुट (Common Coot)

**वैज्ञानिक नाम** फुलिका एट्रा *(Fulica atra)*

**फैलावट र वासस्थान** ३,५०० मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र बाँध ।

**विशेषता** ३९ से.मि. लामो, ठुँड र निधार सेतो, टाउको कालो, बाँकी शरीर पूरै गाढा खरानी रङको ।



मझौला सेतो बकुल्लो



मरूल





## मालक हाँस (Ferruginous Pochard)

**अङ्ग्रेजी नाम** फेरूजिनस पोचार्ड (Ferruginous Pochard)

**वैज्ञानिक नाम** एथ्या नाइरोका *(Aythya nyroca)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** ४१ से.मि. लामो, टाउको, छाती र कोखा रातो-खैरो (कटुस रङको), तल्लो पुच्छरढकनी सेतो, भालेभन्दा पोथी फिक्का तर उपनानी गाढा देखिने, उडानमा ठूलो सेतो पङ्खरेखी र सेतो पेट स्पष्ट देखिने ।

## लामाऔंले (Bronze-winged Jacana)

**अङ्ग्रेजी नाम** ब्रोन्ज-विङ्ग्ड ज्याकना (Bronze-winged Jacana)

**वैज्ञानिक नाम** मेटोपिडिअस इन्डिकस *(Metopidius indicus)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, ९१५ मिटरसम्मको उचाइमा अवस्थित, तैरने वनस्पति भएको दलदल, पोखरी र तालहरू ।

**विशेषता** २५ से.मि. लामो, वयस्कका आँखीभौं सेता, शरीरको माथिल्लो भाग ढलौटे हरियो, तल्लो भाग फिक्का कालो, घाँटी कालो, ठुँड फिक्का पहेंलो, बच्चाको छातीमा मैलो सुन्तला रङ, तल्लो भाग सेतो, आँखीभौं सेता तर छोटा ।







मालक हाँस



लामाऔंले





## लोभीपापी गरुड (Woolly-necked Stork)

**अङ्ग्रेजी नाम** उल्लि-नेक्ड स्टर्क (Woolly-necked Stork)

**वैज्ञानिक नाम** सिकोनिया इपिस्कोपस *(Ciconia episcopus)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, ताल तथा पोखरीनजिकको सुख्खा ठाउँ, बाढी लागेको खेतबारी ।

**विशेषता** १०६ से.मि. लामो, घाँटी भुवादार सेतो, निधार र तालु काला, पखेंटाको माथिल्लो र तल्लो भाग पूरै कालो, तल्लो पुच्छरढकनी सेतो, खुट्टा र औंलाहरू फिका राता ।

## वस्तु बकुल्लो (Cattle Egret)

**अङ्ग्रेजी नाम** क्याटल इग्रेट (Cattle Egret)

**वैज्ञानिक नाम** बुबुल्कस आइबिस *(Bubulcus ibis)*

**फैलावट र वासस्थान** १,५२५ मिटरसम्मको उचाइमा अवस्थित, दलदल, धानखेत, घाँसे मैदान, धेरैजसो गाइवस्तुहरूसँग देखिने, पानी छेउछाउका वनस्पतिहरू ।

**विशेषता** ५३ से.मि. लामो, अरू बकुल्लाभन्दा ठुँड, घाँटी र खुट्टा छोटो, शरीर प्रस्ट सानो, ठुँड, अग्राक्ष र खुट्टा पहेंलो, बच्चा कोरल्ने समयको प्वाँखावस्थामा टाउको, घाँटी र पिठ्यूँ सुन्तले मैलो रङको ।



लोभीपापी गरुड



वस्तु बकुल्लो





## सानो सेतोबकुल्लो (Little Egret)

**अङ्ग्रेजी नाम** लिटल् इग्रेट (Little Egret)

**वैज्ञानिक नाम** इग्रेट्टा गार्जेट्टा *(Egretta garzetta)*

**फैलावट र वासस्थान** मुख्यतया १,५२५ मिटरसम्मको उचाइमा अवस्थित, नदी, ताल, कमल भएको पोखरी, दलदल र धानखेत ।

**विशेषता** ६० से.मि.लामो, ठुँड कालो, काला खुट्टामा पहेंला औंलाहरू, बाँकी शरीर सेतो ।

## सानो माटीकोरे (Common Kingfisher)

**अङ्ग्रेजी नाम** कमन किङ्गफिसर (Common Kingfisher)

**वैज्ञानिक नाम** अल्सेडो एथ्थिस *(Alcedo atthis)*

**फैलावट र वासस्थान** १,८०० मिटरसम्मको उचाइमा अवस्थित, खुल्ला ठाउँका पानी ।

**विशेषता** १६ से.मि.लामो, कानढकनी सुन्तला रङको, टाउको, काँधका प्वाँखहरू र पखेटामा हरिया-हरिया नीला र ढाडको तलतिर गाढा आकाशे रङका रेखा हुने ।



सानो सेतोबकुल्ला



सानो माटीकोरे

## सिमकुखुरा (White-breasted Waterhen)

**अङ्ग्रेजी नाम** ह्वाइट-ब्रेष्टेड वाटरहेन (White-breasted Waterhen)

**वैज्ञानिक नाम** एमाउरोर्निस फोइनिकुरुस *(Amaurornis phoenicurus)*

**फैलावट र वासस्थान** मुख्यतया १,३७० मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल ।

**विशेषता** ३२ से.मि. लामो, भालेको माथिल्लो भाग फुस्रो, सेतो अनुहार, अग्रघाँटी र छाती तथा तल्लो पुच्छरढकनी कैलो गेरु रङको, बच्चाको फुस्रो-फुस्रो अनुहार, अग्रघाँटी र छाती एवं माथिल्लो भाग पीतहरित खैरो ।

## सिलसिले (Lesser Whistling Duck/Teal)

अङ्ग्रेजी नाम लेस्सर हुइस्लिङ्ग डकरटिल (Lesser Whistling Duck/Teal)

**वैज्ञानिक नाम** डेण्ड्रोकिग्ना जाभानिका *(Dendrocygna javanica)*

**फैलावट र वासस्थान** मुख्यतया ३०५ मिटरसम्मको उचाइमा अवस्थित, सिमसार क्षेत्रहरू ।

**विशेषता** ४० से.मि. लामो, टाउको र घाँटी फिक्का फुस्रो मैलो रङको, तालु गाढा खैरो, अग्रपङ्खमा चहकिलो कटुस रङको टाटो/धब्बा र पुच्छर ढकनी पनि सोही रङको, गर्दनबाट तल प्रस्ट देखिने गाढा धर्का नहुने ।



सिमकुखुरा



सिलसिले





## सिउरे डुबुल्कीचरो (Great Crested Grebe)

**अङ्ग्रेजी नाम** ग्रेट क्रेष्टेड ग्रिब (Great Crested Grebe)

**वैज्ञानिक नाम** पोडिसेप्स क्रिस्टाटस् *(Podiceps cristatus)*

**फैलावट र वासस्थान** १,३७० मिटरसम्मको उचाइमा अवस्थित, ताल तथा नदीहरू ।

**विशेषता** ४९ से.मी. लामो, ठूलो र सुलुत्त परेको घाँटी, गाला र घाँटीको अघिल्लो भाग सेतो ।

## सिन्दूरे हाँस (Eurasian Wigeon)

**अङ्ग्रेजी नाम** युरासियन विजन (Eurasian Wigeon)

**वैज्ञानिक नाम** एनास पेनेलोप *(Anas penelope)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया २५० मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** ४८ से.मि. लामो, भालेको निधार र अग्रतालु पहेंलो रङको, टाउको कटुस रङको र छाती गुलाबी रङको, शरीर खरानी रङको, तल्लो पुच्छरढकनी कालो, पोथीको शरीर गाढा खैरो, टाउको, छाती र कोखा एकनासका देखिने ।



सिउरे डुबुल्कीचरो



सिन्दूरे हाँस



## सुनजुरे हाँस (Red-crested Pochard)

**अङ्ग्रेजी नाम** रेड-क्रेष्टेड पोचार्ड (Red-crested Pochard)

**वैज्ञानिक नाम** रोडोनेस्सा रुफिना *(Rhodonessa rufina)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** ५५ से.मि. लामो, वर्गाकार टाउको भएको, भालेको टाउको खिया-सुन्तले, घाँटी र छाती कालो एवं कोखा सेता हुने, पोथीको फिक्का गाला खैरो शिरभन्दा प्रस्ट फरक देखिने ।

## सुइरोपुच्छ्रे (Northern Pintail)

**अङ्ग्रेजी नाम** नर्दन पिनटेल (Northern Pintail)

**वैज्ञानिक नाम** एनास एकुटा *(Anas acuta)*

**फैलावट र वासस्थान** तराई क्षेत्र, मुख्यतया ९१५ मिटरसम्मको उचाइमा अवस्थित, खुल्ला ताल, पोखरी, दलदल र नदी ।

**विशेषता** ७५ से.मि. लामो, घाँटी लामो, पुच्छर तीखो लामो कालो, भालेको टाउको र घाँटीको माथिल्लो भाग गाढा खैरो, छातीबाट दुवैतिर सेतो धर्सो घाँटी हुँदै टाउकाको पछाडिसम्म पुगेको, छाती सेतो, तुलनात्मक रूपमा पोथीको टाउको एकनासको मैलो-मैलो रङको र ठुँड सुलुत्त परेको फुस्रो ।



सुनजुरे हाँस



सुइरोपुच्छ्रे



## सेतोकण्ठे माटीकोरे (White-throated Kingfisher)

**अङ्ग्रेजी नाम** ह्वाइट-थ्रोटेड किङ्गफिसर (White-throated Kingfisher)

**वैज्ञानिक नाम** हालसायोन कोरोम्याण्डा *(Halcyon coromanda)*

**फैलावट र वासस्थान** मुख्यतया १,८०० मिटरसम्मको उचाइमा अवस्थित, किनारमा वनस्पति भएका ताल, पोखरी र दलदल, खेतबारी, जङ्गल छेउ र बगैंचा ।

**विशेषता** २८ से.मि. लामो, घाँटी र छातीको मध्यभाग सेतो, टाउको र तल्लो भागको धेरैजसो भाग खैरो र गाढा आकाशे रङको माथिल्लो भाग, उडानमा पखेटामा स्पष्ट सेतो टाटो देखिने ।

## सेतो टिकटिके (White Wagtail)

**अङ्ग्रेजी नाम** ह्वाइट वागटेल (White Wagtail)

**वैज्ञानिक नाम** मोटासिला अल्बा *(Motacilla alba)*

**फैलावट र वासस्थान** मुख्यतया १,५०० मिटरसम्मको उचाइमा अवस्थित, ढुङ्गे खोला तथा नदीहरू ।

**विशेषता** १९ से.मि. लामो, टाउकाको बुट्टा र पिठ्यूँको फुस्रो वा कालोले बच्चा कोरल्ने बेलाको भालेको उपप्रजातीयताको चिनारी दिने, टाउकाका बुट्टा कहिल्यै पनि खोले टिकटिकेका जस्तो नहुने ।



सेतोकण्ठे माटीकोरे



सेतो टिकटिके





## हरियोटाउके (Mallard)

**अङ्ग्रेजी नाम** मलार्ड (Mallard)

**वैज्ञानिक नाम** एनास प्लेटिरिङ्कोस *(Anas platyrhynchos)*

**फैलावट र वासस्थान** मुख्यतया ३,०५० मिटरसम्मको उचाइमा अवस्थित, सिमसार क्षेत्रहरू ।

**विशेषता** ५९ से.मि. लामो, पङ्खविन्दु सेतो किनारा भएको बैजनी-बैजनी रङको हरियो, भालेको ठुँड पहेंलो, टाउको गाढा हरियो, छाती बैजनी-बैजनी कटुस रङको, पोथीको शरीर फिक्का खैरो र मोटो गाढा खैरो बुट्टा भएको, ठुँडको रङ परिवर्तनशील मुख्यतया: फिक्का, सुन्तले र गाढा खैरो बुट्टा भएको ।

## हुटिट्याउँ (Red-wattled Lapwing)

**अङ्ग्रेजी नाम** रेड-वाट्ल्ड ल्यापविङ्ग (Red-wattled Lapwing)

**वैज्ञानिक नाम** भ्यानेल्लस इण्डिकस *(Vanellus indicus)*

**फैलावट र वासस्थान** १,०५० मिटरसम्मको उचाइमा अवस्थित, खुल्ला सिमसार र धानखेत ।

**विशेषता** ३३ से.मि. लामो, निधार, तालु र छाती कालो, कालो टुप्पो भएको रातो ठुँड, खुट्टाहरू पहेंला ।



हरियोटाउके



हुटिट्याउँ



# सन्दर्भ सामग्री

BCN. 2006. *Birds of Nepal: An Official Checklist*, Kathmandu: Department of National Parks and Wildlife Conservation and Bird Conservation Nepal

Grewal, B. 2000. *Birds of the Indian Subcontinent*. Local Colour Ltd. India.

Grimmett, R., C. Inskipp and T. Inskipp. 2000. *A guide to the Birds of Nepal*. Second Edition. London: UK, Christopher Helm

Grimmett, R., C. Inskipp, T. Inskipp and H. S. Baral. 2000. *A guide to the Birds of Nepal. Second Edition.* London, UK Christopher Helm. (Nepali Version)

Kafle, G. and J.B. karki. 2007. Flora and Fauna of Ghodaghodi lake Area (A pocket guide). Institute of Forestry, Pokhara Campus, Wetland Friends of Neapl, Department of National Parks and Wildlife Conservarion and Bird Conservation Neapl.

Mullarney, K., L. Svensson, D. Zetterstrom and P. J. Grant. 1998. Collins Bird Guide. Collins Publications.

Sonobe, K. and Usui, S. (editors) 1993. *A Field Guide to the Waterbids of Asia*, Tokyo : Wild Bird Society of Japan.





# प्रजाति सूचि


| नेपाली नाम | अङ्ग्रेजी नाम | वैज्ञानिक नाम | पेज |
|---|---|---|---|
| आसकोटे बकुल्लो | Indian Pond Heronz | *Ardeola grayii* | ८ |
| कैलोटाउके हाँस | Common Pochard | *Aythya ferina* | ८ |
| कुर्मा | Purple Swamphen | *Prophyrio porphyrio* | १० |
| खडखडे हाँस | Gadwall | *Anas strepera* | १० |
| खोले टिकटिके | White-browed Wagtail | *Motacilla maderaspatensis* | १२ |
| छोटाखुट्टे बकुल्लो | Little Heron | *Butorides striatus* | १२ |
| छिरबिरे माटीकोरे | Pied Kingfisher | *Ceryle rudis* | १४ |
| जलअप्सरा | Pheasant-tailed Jacana | *Hydrophasianus chirurgus* | १४ |
| जलेवा | Great Cormorant | *Phalacrocorax carbo* | १६ |
| ठूलो सेतोबकुल्लो | Great Egret | *Casmerodius albus* | १६ |
| डुबुल्कीचरो | Little Grebe | *Tachybaptus ruficollis* | १८ |
| नीलाम्बर जलखञ्जरी | Plumbeous Water Redstart | *Rhyacornis fuliginosus* | १८ |
| फुस्रो टिकटिके | Grey Wagtail | *Motacilla cinerea* | २० |
| फुस्रो बकुल्लो | Grey Heron | *Ardea cinerea* | २० |
| बगाले सिमकुखुरो | Common Moorhen | *Gallinula chloropus* | २२ |
| बिजुलागैरी | Common Teal | *Anas crecca* | २२ |
| बेल्चाठुँडे हाँस | Northern Shoveler | *Anas clypeata* | २४ |
| बेसारे टिकटिके | Citrine Wagtail | *Motacilla citreola* | २४ |
| मझौला सेतोबकुल्लो | Intermediate Egret | *Mesophoyx intermedia* | २६ |
| मरुल | Common Coot | *Fulica atra* | २६ |
| मालक हाँस | Ferruginous Pochard | *Aythya nyroca* | २८ |
| लामाऔंले | Bronze-winged Jacana | *Metopidius indicus* | २८ |

| नेपाली नाम | अङ्ग्रेजी नाम | वैज्ञानिक नाम | पेज |
|---|---|---|---|
| लोभीपापी गरुड | Woolly-necked Stork | *Ciconia episcopus* | ३० |
| वस्तु बकुल्लो | Cattle Egret | *Bubulcus ibis* | ३० |
| सानो सेतोबकुल्लो | Little Egret | *Egretta garzetta* | ३२ |
| सानो माटीकोरे | Common Kingfisher | *Alcedo atthis* | ३२ |
| सिमकुखुरो | White-breasted Waterhen | *Amaurornis phoenicurus* | ३४ |
| सिलसिले | Lesser Whistling Duck/Teal | *Dendrocygna javanica* | ३४ |
| सिउरे डुबुल्कीचरो | Great Crested Grebe | *Podiceps cristatus* | ३६ |
| सिन्दुरे हाँस | Eurasian Wigeon | *Anas Penelope* | ३६ |
| सुनजुरे हाँस | Red-crested Pochard | *Rhodonessa rufina* | ३८ |
| सुइरोपुच्छ्रे | Northern Pintail | *Anas acuta* | ३८ |
| सेतोकण्ठे माटीकोरे | White-throated Kingfisher | *Halcyon coromanda* | ४० |
| सेतो टिकटिके | White Wagtail | *Motacilla alba* | ४० |
| हरियोटाउके | Mallard | *Anas platyrhynchos* | ४२ |
| हुटिट्याउँ | Red-wattled Lapwing | *Vanellus indicus* | ४२ |





# नोट



# नोट

*थप जानकारीका लागि*

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली–बर्ड)**

पो.ब. नं. ३२४ पोखरा, कास्की, नेपाल

**फोन नं.** : ०६१-५२६८३४, ५३५३५७

**फयाक्स् नं.** : ९७७-६१-५३९९५६

**इमेल** : info@libird.org

**वेभ साइट** : **www.libird.org**